देवाही गोनाही नगरपालिका

# स्थानीय राजपत्र

देवाही गोनाही नगरपालिकाद्वारा प्रकाशित

खण्ड: ४, संख्या : ४, मिति : २०७९/०५/०७


## भाग-१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम देवाही गोनाही नगरपालिकाको नगर सभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ।

वि.सं. २०७९ सालको ऐन नं. ४

# देवाही गोनाही नगरपालिका स्वास्थ्य तथा सरसफाइ सम्बन्धी ऐन, २०७९

प्रमाणीकरण मिति : २०७९।०५।०७

**प्रस्तावना** : स्थानीय बासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाइ सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सोको व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२६ को उपधारा (१) अनुसार सोही संविधानको अनुसूची ८ को सूची न. ९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड झ. र दफा १०२ को उपदफा (१) बमोजिम देवाही गोनाही नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनलाई "देवाही गोनाही नगरपालिका स्वास्थ्य तथा सरसफाइ ऐन, २०७९" भनिने छ।

(२) नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले देवाही गोनाही नगरपालिकाको स्वास्थ्य तथा सरसफाइ ऐन २०७९ लाई सम्झनु पर्दछ।

(ख) "सङ्घीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी सङ्घीय संसदले बनाएको ऐनलाइ सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले देवाही गोनाही नगर कार्यपालिका सम्झनु पर्दछ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ङ) "निजी" भन्नाले सेवाको संगसंगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने स्वास्थ्य संस्था सम्झनु पर्दछ।

(च) "ट्रष्ट वा लोक कल्याणकारी " भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(छ) "स्वास्थ्य सेवा व्यवस्थापन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठित स्वास्थ्य सेवा समितिलाई सम्झनु पर्दछ।

(ज) "स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित नगर अस्पताल, आधारभूत स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, आयुर्वेद अस्पताल, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत परम्परागत उपचार सेवा प्रदायक संस्था तथा सहरी स्वास्थ्य केन्द्रलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, पोली क्लिनिक, स्वास्थ्य क्लिनिक, नर्सिङ्ग होम, डाइग्नोष्टिक सेन्टर, रेडियो इमेजिङ सेवा, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था समेतलाई सम्झनु पर्छ।

(ञ) "प्रचलित कानुन" भन्नाले नेपाल सरकारको राजपत्रमा प्रकाशित भई हाल कार्यान्वयनमा रहेका कानुनहरु साथै सङ्घीय सरकार तथा प्रदेश सरकारले राजपत्रमा प्रकाशित गरेको र देवाही गोनाही नगर कार्यपालिकाले स्थानीय राजपत्रमा प्रकाशित गरेका कानुनहरु लाई सम्झनु पर्दछ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद - २
## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ (तीन) प्रकारका हुने छन।

CamScanner

(क) **सरकारी वा सामुदायिक स्वास्थ्य संस्था :** सरकारी वा सामुदायिक स्वामित्वमा सञ्चालन भएको नगर अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्र, स्वास्थ्य क्लिनिक, खोपकेन्द्र, र आयुर्वेद औषधालय, आयुर्वेद, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत परम्परागत स्वास्थ्य उपचार केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) **निजी स्वास्थ्य सेवा प्रदायक संस्था :** निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु, आयुर्वेद, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत परम्परागत स्वास्थ्य उपचार क्लिनिकहरु निजी स्वास्थ्य सेवा प्रदायकहरु हुने छन् ।

(ग) **ट्रष्ट वा लोक कल्याणकारी संस्था :** ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती स्वास्थ्य क्लिनिक यस अन्तर्गत पर्दछन् ।

४. **स्वास्थ्य संस्थाहरुको परिभाषा र स्वास्थ्य सेवा प्रदायक आधारभूत मापदण्ड :** स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड सङ्घीय सरकारले निर्धारण गरे बमोजिम हुने छ ।

५. **स्वास्थ्य सेवा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार :** (१) नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न नगरपालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुनेछ :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी नगर प्रमुखले तोकेको १ जना -सदस्य

(ग) महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट कम्तीमा एक जना दलित महिला पर्ने गरी कार्यपालिकाले तोकेको २ जना - सदस्य

(घ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये प्रत्येक २ वर्षमा परिवर्तन हुने गरी नगर प्रमुखले तोकेको १ जना - सदस्य

(ङ) नगरपालिकाभित्रका स्वास्थ्य संस्थाका प्रमुखहरु मध्ये नगर प्रमुखले मनोनयन गरेको व्यक्ति एकजना - सदस्य

(च) नगरपालिकाको जनस्वास्थ्य फोकल पर्सन र अस्पतालको मेडिकल अफिसर २ जना - सदस्य

(छ) स्वास्थ्य तथा सरसफाइ शाखा प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य सेवा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्रभित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार पार्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनको लागि अनुमति, स्वीकृति, सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, सजग र जागरुक बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञ र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगरपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) संक्रामक महामारी रोगको नियन्त्रण सम्बन्धी आवश्यक काम गर्ने ।

(झ) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

६. **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार:**(१) सरकारी तथा सामुदायिक नगर अस्पताल, अस्पताल, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । नगरपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको संरक्षक नगर प्रमुख रहने छ ।

(क) **नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गठन :**

(१) नगर प्रमुखले तोकेको नगर कार्यपालिका सदस्य - अध्यक्ष

(२) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा अनुभव प्राप्त गरेका स्थानीय समाजसेवी बुद्धिजीवीहरु मध्ये संरक्षक बाट मनोनित महिला १ जना - उपाध्यक्ष

(३) अस्पताल रहेको वडाको वडा अध्यक्ष - सदस्य

(४) स्वास्थ्य तथा सरसफाइ-क्षेत्रमा काम गरिरहेका विज्ञहरु मध्येबाट कार्यपालिकाले तोकेको एक जना - सदस्य

(५) स्वास्थ्य तथा सरसफाइ शाखा प्रमुख - सदस्य

(६) स्वास्थ्य क्षेत्रमा क्रियाशील मध्ये सम्बन्धित वडा समितिले मनोनित महिला एक जना - सदस्य

(७) स्वास्थ्य संस्था रहेको वडाको माध्यमिक विद्यालयको प्रधानाध्यापकहरु मध्ये वडा समितिबाट मनोनित १ जना - सदस्य

(८) महिला सामुदायिक स्वास्थ्य स्वयम्-सेविकाहरु मध्येबाट वडा समितिले तोकेको एक जना - सदस्य

(९) अस्पताल प्रमुख मेडिकल सुपरिटेन्डेन्ट - सदस्य सचिव

(ख) **स्वास्थ्य चौकी, आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थपन समितिको गठन:**

(१) सम्बन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

(२) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाका समाजसेवि बुद्धिजीवीहरु मध्ये अध्यक्ष बाट मनोनित १ जना - उपाध्यक्ष

(३) सम्बन्धित वडामा रहेका माध्यमिक विद्यालयका प्र.अ.हरु मध्येबाट नगरपालिकाले मनोनित गरेको १ जना - सदस्य

(४) स्थानीय व्यापार सङ्घको प्रतिनिधि १ जना - सदस्य

(५) स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार महिलाहरु मध्येबाट मनोनित १ जना - सदस्य

(६) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(७) स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

CamScanner

(ग) **सहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थपन समितिको गठनः**

(१) सम्बन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

(२) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाका समाजसेवी बुद्धिजीवीहरु मध्येबाट मनोनित १ जना - उपाध्यक्ष

(३) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(४) सम्बन्धित वडा भित्र बसोबास गर्ने समाजसेवि, व्यवसायी, उद्योगपति, लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार व्यक्तिहरु मध्येबाट स्वा.सं. व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित ३ जना सदस्य - सदस्य

(५) स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका काम कर्तव्य निम्नानुसार हुने छन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानको लागि आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समीक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ती शिविरहरु गर्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु लाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(छ) स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

(ज) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम, कर्तव्य तोकिए बमोजिम हुनेछ ।

(३) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

७. **बैंक खाता सञ्चालन** : हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्नेछ । (१) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

८. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड : (१) अस्पताल** : नगरपालिका आफैंले तोकिएको मापदण्डमा २५ शैयासम्म क्षमताको नगर अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल नगर कार्यपलिकाले स्वीकृत गरेको नगर अस्पताल सञ्चालन निर्देशिका बमोजिम सञ्चालन हुनेछ ।

(२) **स्वास्थ्य चौकी/सहरी स्वास्थ्य केन्द्र/प्राथमिक स्वास्थ्य केन्द्र/आधारभूत स्वास्थ्य केन्द्र** : नगरपालिकाले प्रत्येक वडामा (नगर अस्पताल रहेको स्थान भन्दा ३ कि.मी. भन्दा बढी दुरी भएका स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर सहितका) स्वास्थ्य संस्था सञ्चालन गर्नेछ ।

जनसङ्ख्याको अनुपातमा कम्तीमा निम्नलिखित पूर्वाधार पूरा गरी स्वास्थ्य संस्था सञ्चालन गर्नु पर्नेछ ।

(क) **जनशक्ति** : नेपाल सरकारले कर्मचारी समायोजन गर्दा तयार पारेको खाका तथा तहगत प्रणाली अवलम्बन गरी कर्मचारी व्यवस्थापन गरिने छ । नयाँ खोल्ने स्वास्थ्य संस्थाहरुमा सहायक पाँचौ तहको हे.अ. सहित कम्तीमा चार जना (१ जना सहायक चौंथो अ.हे.व, १ जना सहायक चौथो अ.न.मी.) र का.स. १ जना सहित कर्मचारी व्यवस्था गरिनेछ । यो सङ्ख्या जनघनत्वको आधरमा नगरपालिकाले थप गर्न सक्नेछ । बर्थिङ सेन्टरका लागि नर्सिङ कर्मचारी र का.स.थप व्यवस्था गरिने छ साथै २४ घण्टे उपचार सेवा सहितको स्वास्थ्य चौकी सञ्चालनका लागि थप जनशक्तिको व्यवस्थापन गरिनेछ । प्रत्येक स्वास्थ्य संस्थामा क्रमश ल्याव सेवा सञ्चालन गरिने छ । ल्याव जनशक्तिको दरवन्दी नभएका स्वास्थ्य संस्थाहरुमा करार सेवा वा ज्यालादारीमा कर्मचारी व्यवस्थापन गरिनेछ ।

(ख) **भवन कोठा** : नेपाल सरकारले तय गरेको मापदण्ड अनुसारको प्रशासन कक्ष, औषधि भण्डार तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवनको व्यवस्थापन गरिनेछ ।

(ग) **उपकरण** : प्राथमिक उपचारका आधारभुत उपकरणहरुको व्यवस्था गरिने छ ।

(३) नगरपालिका क्षेत्र भित्र आयुर्वेदिक, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका रोकथाम मूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसंगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नु पर्नेछ ।

९. **निजी क्षेत्रले अस्पताल, स्वास्थ्य क्लिनिक, पोलिक्लिनिक, नर्सिङ होम, र प्रयोगशाला सञ्चालन गर्न सक्ने** : (१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा २५ शैयासम्मको अस्पताल, पोली क्लिनिक, स्वास्थ्य क्लिनिक, नर्सिङ्ग होम, डाईग्नोष्टिक सेन्टर, रेडियो इमेजिङ सेवा, प्रयोगशाला, आँखा क्लिनिक, डेन्टल क्लिनिक लगायत परम्परागत स्वास्थ्य सेवासँग सम्वन्धित क्लिनिकहरु सञ्चालन गर्न चाहेमा सञ्चालन अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) स्वास्थ्य सेवा व्यवस्थापन समितिले प्राप्त निवेदन अनुसार अनुमति दिन मापदण्डबमोजिम आवश्यक पूर्वाधार तयार भएको वा हुन सक्ने छ छैन अनुगमन गर्न कार्यविधिमा उल्लेखित पूर्वाधार अनुगमन समितिलाइ आदेश दिने छ र सो सम्वन्धमा पूर्वाधार अनुगमन समितिले दिएको प्रतिवेदन समेतको आधार लिइ छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको समयसीमा भित्र मापदण्ड बमोजिम पूरा हुने सुनिश्चितता भएको पाएमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले तोकिएको समयभित्र मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको स्वीकृत प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समय सीमाभित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा निवेदन दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमती प्रदान गर्न सक्नेछ ।

१०. **अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्ड** : नगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने २५ बेड सम्मको निजी क्षेत्र, ट्रष्ट तथा लोककल्याणकारी स्वास्थ्य संस्थाहरु, ल्याव, फार्मेसीको दर्ता, स्वीकृति, अनुमति, नवीकरण र २५ बेडभन्दा बढीका अस्पतालहरु दर्ता, सञ्चालनको अनुमति, स्वीकृतिको लागि आवश्यक सिफारिस दिने सम्बन्धी मापदण्ड यस ऐन बमोजिम बनेको कार्यविधि वा निर्देशिका बमोजिम हुनेछ ।

११. **मापदण्ड पूरा नगरेमा सजाय हुने** : (१) स्वास्थ्य संस्था प्रयोगशाला फार्मेसी जस्ता स्वास्थ्य सेवा सचालनको स्वीकृति लिंदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रूपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेक व्यक्तिले रगत दिशापिसाब खकार लगायतको परीक्षणमा संलग्न भएको जानकारी नगर कार्यपालिकाको कार्यालयले पाइएमा कार्यालयले त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने र सञ्चालकलाई कालो सूचीमा राखी सोको आम सेवाग्राहीलाई जानकारी दिन सक्ने छ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरुले औषधि बेचेको पाइएमा कार्यपालिकाको कार्यालयले सचेत गराउने, जरिवाना देखि अनुमति खारेज सम्मको कार्बाही गर्न सक्ने छ ।

१२. **सहुलियत र छुटको व्यवस्था गर्नु पर्ने** : निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणका क्रममा लाग्ने शुल्क नगर पालिकाको सिफारिसमा १५ (पन्ध्र) प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

१३. **सेवाको अधिकतम शुल्क तोक्न सक्ने** : नगरपालिका क्षेत्र भित्र सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, लगयतका स्वास्थ्य संस्थाहरु र फार्मेसीहरुले दिइने सेवाहरुको अधिकतम शुल्क नगरपालिकाले निर्धारण गर्न सक्ने छ ।

१४. **स्वास्थ्य संस्था नवीकरण** : (१) यो ऐन प्रारम्भ हुनु अघि नेपाल सरकारका विभिन्न निकाय/कार्यलयबाट स्वीकृति लिइ यस नगरपालिकामा निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरुले तोकिएको मापदण्ड पूरा गरेमा तोकिएको दस्तुर लिइ नवीकरण गर्न सकिनेछ ।

(२) स्वास्थ्य संस्था नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम् सेविका सम्बन्धी व्यवस्था

१५. **स्वास्थ्यकर्मीको व्यवस्थापन** : नगरपालिकाभित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ३ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन् ।

(१) **स्थायी** : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भइ आएका स्वास्थ्यकर्मीहरु

(२) **करार** : स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिकामार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ।

(३) **अभ्यास कर्ता** : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवम् नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गइ स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रूपमा नगरपालिकाले भर्ना गर्न सक्नेछ । यस्ता अभ्यासकर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ ।

CamScanner

१६. **महिला सामुदायिक स्वास्थ्य स्वयम्-सेविकाको व्यवस्था :** (१) स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयम्-सेविकाहरु नियुक्त गर्न सक्नेछ ।

(२) महिला सामुदायिक स्वयम्-सेविका नियुक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको शैक्षिक योग्यता न्यूनतम एस.ई.ई. वा सो सरह अध्ययन पूरा गरेको सम्बन्धित वडाको विवाहित महिला नागरिक हुनुपर्नेछ ।

(३) एउटा वडामा न्यूनतम संख्या ५ हुने गरी औसत प्रति २००० जनसङ्ख्याको लागि १ जना महिला सामुदायिक स्वास्थ्य स्वयम्-सेविकाको नगर कार्यपालिकाले नियुक्त गर्न सक्नेछ । महिला सामुदायिक स्वास्थ्य स्वयम्-सेविका जनसङ्ख्या र भौगोलिक क्षेत्रको आधारमा एउटा वडामा बढीमा ९ जना हुनेछन ।

(४) महिला सामुदायिक स्वास्थ्य स्वयम्-सेविकाहरुले आधारभूत स्वास्थ्य सम्बन्धी १० दिनको तालिम प्राप्त गरेको हुनु पर्नेछ । तालिम निर्देशिका स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग र नगर स्वास्थ्य शाखाले तयार पारी लागु गर्न सकिनेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार अभिमुखीकरण तालिम प्रदान गर्नेछ ।

(५) यसभन्दा पहिलेदेखि नै कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम्-सेविकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी बिदाइ गरिने छ । र नयाँ नियुक्ति गर्दा कम्तिमा एस.ई.ई. वा सो सरह उत्तीर्णलाई मात्र नियुक्ति दिइनेछ ।

१७. **स्वास्थ्यकर्मीको सेवा सुविधा :** (१) **स्थायी स्वास्थ्यकर्मी :** नेपाल सरकारले तोकेको स्केल बमोजिम तलव, भत्ता र नगर कार्यपालिकाले तोके बमोजिमको अन्य सेवा सुविधा ।

(२) **करार स्वास्थ्यकर्मी :** प्रचलित तलब स्केल वा दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३)**अभ्यासकर्ता स्वास्थ्यकर्मी :** निर्वाह भत्ताको नीति बनाई लागु गरिने छ ।

(४) **महिला सामुदायिक स्वास्थ्य स्वयम्-सेविका :** पोसाक, वार्षिक रूपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको बखत काममा खटाइएमा सो दिनको यातायात तथा खाजा खर्च, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाइएको समयमा यातायात तथा खाजा जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) महिला सामुदायिक स्वास्थ्य स्वयम्-सेविका तथा स्वास्थ्यकर्मीलाई थप प्रोत्साहन भत्ता नगरपालिकाले व्यवस्था गर्न सक्नेछ । स्वास्थ्य प्राविधिक कर्मचारीहरुलाई जोखिम भत्ता, लगायत जोखिमयुक्त कार्यका लागि तोकिए बमोजिम भत्ताको व्यवस्था गरिनेछ ।

१८. **स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति :** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी नगर कार्यपालिकाले निर्धारण गर्नेछ ।

(१) दरबन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन । समायोजन भई नआएका वा समायोजन भई नआउने दरबन्दीहरुको हकमा नगर कार्यपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरबन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ :

(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) नगर कार्यपालिकाले तोकेको कम्तीमा स्नातक उत्तीर्ण १ जना विज्ञ - सदस्य

(ग) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य

(३) छनौट समितिले कार्यविधि बनाई कार्यविधि बमोजिम नियुक्तिका लागि कर्मचारी छनौट गर्नेछ ।

१९. **कर्मचारी सरुवा, काज र विदा :** (१) स्थायी स्वास्थ्यकर्मीको हकमा समायोजन पश्चात तोकिएको समयमा अवधि पुरा भएपछि र अन्य स्वास्थ्यकर्मीको हकमा विशेष परिस्थिति बाहेक न्यूनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा गरिनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछ । यसरी प्राप्त निवेदनका आधारमा नगरपालिकाको स्वास्थ्य शाखाको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

***स्पष्टिकरण :*** विशेष अवस्थामा भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सँगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

(३) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले स्वास्थ्य शाखाको सिफारिसमा स्वास्थ्यकर्मीहरु (स्थायी, करार, ज्यालादारी आदि) लाई आवश्यकता अनुसार नगरपालिका क्षेत्रभित्रका दफा ३ (क) बमोजिमका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

(४) कर्मचारीहरुले विदा लिई बस्नु परेमा स्वीकृत गराएर मात्र विदा बस्नु पर्ने छ । कर्मचारीहरुको विदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **कार्य सम्पादन करार गर्नुपर्ने :** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय बमोजिम कार्य सम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(२) नगरपालिका प्रमुखको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा प्रमुखसंग, स्वास्थ्य शाखा प्रमुखले स्वास्थ्य शाखाका अरु कर्मचारी र स्वास्थ्य संस्थाका प्रमुखहरुसंग तथा स्वास्थ्य संस्थाका प्रमुखहरुले अन्य कर्मचारीहरुसंग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(३) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ ।

(४) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले तयार पारी नगर कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

२१. **कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार :** (१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्य सम्पादन सम्झौता मूल्याङ्कन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५
## औषधि तथा स्वास्थ्य उपकरणको भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२२. **औषधि तथा स्वास्थ्य उपकरणको भण्डारण :** (१) खरिद गरिएको औषधि तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधिको खरिद चौमासिक रूपमा गर्नु पर्नेछ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधिको कूल परिमाण र मूल्य खरिद मितिले १५ दिनभित्र सार्वजनिक गर्नुपर्नेछ ।

(४) सम्बन्धित स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधि तथा औषधि वितरण सम्बन्धी विस्तृत विवरण चौमासिक रूपमा सार्वजनिक गर्ने र सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ६
## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२३. **स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :** (१) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

२४. **सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन :** (१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक सहजीकरण जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकताअनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गरीनेछ ।

(३) अति विपन्न नागरिक, एकल महिला , जेष्ठ नागरिक, शारीरिक अशक्तता भएका व्यक्तिहरुका लागि उपचार कोष व्यवस्था गरी नीति बनाई लागु गरिनेछ ।

(४) नेपाल सरकारले तय गरेको निशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी बनाइने छ । आवश्यक स्रोत साधनको आधारमा निशुल्क वितरण गर्ने औषधि थप गरिनेछ ।

(५) मानसिक रोग लगायत नसर्ने रोगहरुबाट हुने मृत्यु दरलाई कम गर्नको लागि नीति बनाई लागु गरिनेछ ।

२५. **सरसफाइ र स्वच्छताको लागि अनुगमन तथा नियमन :** (१) स्वास्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवम् वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदूषण बढाउने उद्योग संस्थान वा व्यक्तिलाई सोसम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति भराउन सिफारिस गर्न सक्नेछ ।

(३) सिफारिस बमोजिम नगर कार्यपालिकाले दण्ड जरिवाना तथा अन्य कारबाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

(४) नगरपालिकाको नीति अनुसार सबै नागरिकलाई सर्वसुलभ रूपमा शुद्ध खानेपानीको व्यवस्था गरिनेछ ।

## परिच्छेद ७
## महामारी रोगथाम फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२६. **रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने :** (१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक, सरकारी स्वास्थ्य संस्थामा टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायिक, सरकारी स्वास्थ्य संस्थामा टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रूपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

२७. **महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने :** (१) नगरपालिका स्तर र वडा स्तरमा महामारी नियन्त्रणको लागि Rapid Response Team गठन गरिनेछ ।

(२) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले रोगको प्रभाव क्षेत्र निक्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रूपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाइ भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(३) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सजकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

२८. **सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :** (१) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमति लिनुपर्नेछ ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइनेछ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु नगरपालिकाले तोक्न सक्नेछ ।

(४) नगर कार्यपालिकाको निर्णय अनुसार नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक स्थल, विद्यालय, सरकारी कार्यालय, कुनै पनि प्रकारको स्वास्थ्य संस्था जस्ता क्षेत्रहरुको निश्चित दूरी तोकी सो क्षेत्रभित्र धुम्रपान र मदिरापान निषेध गर्न सक्नेछ ।

(५) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

२९. **सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोरमैला व्यवस्थापन :** (१) नगरपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयम्-सेविकाहरु परिचालन गरी सबै घर परिवारसम्म वितरण गर्ने छन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनु पर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ ।

(५) सहरी तथा अर्ध सहरी क्षेत्रमा निष्कासित फोहोरमैला पुनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

(६) सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि तथा नीति तोकिए बमोजिम हुनेछ ।

३०. **स्वास्थ्य संस्थाको सरसफाइ :** (१) सरकारी तथा सामुदायिक अस्पताल र निजी क्षेत्र, ट्रष्ट, लोककल्याणकारी संस्थाबाट सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, ल्याब, फार्मेसी लगायतको स्थलमा हुने फोहोरमैला व्यवस्थापन एवं सरसफाइ सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले जारी गरेको कार्यविधि अनुसार हुनेछ ।

CamScanner

३१. **कृषिजन्य तथा पशुजन्य फोहोर व्यवस्थापन** : कृषिजन्य वस्तु उत्पादन तथा पशुजन्य पदार्थ उत्पादन र बिक्री वितरण गर्दा हुने फोहोर व्यवस्थापन सम्बन्धित उत्पादन कर्ताले गर्नु पर्नेछ । अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. **स्वास्थ्यजन्य फोहोरमैला सङ्कलन सम्बन्धी व्यवस्था** : स्वास्थ्य जन्य फोहोरमैला सङ्कलन, पुनः उपयोग, प्रसोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ८
## विविध

३३. **प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठुला अस्पताल सञ्चालनका लागि सिफारिस** :(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनु पर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकरात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरीएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

३४. **राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने** : स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न संङ्घीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाइ शाखाले समन्वय गर्नेछ ।

३५. **परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन** : नगरपालिकाले सम्बन्धित शाखाबाट नगरपालिका क्षेत्रभित्र परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन गर्नेछ ।

३६. **ब्लड बैंक सञ्चालन गर्ने** : नगरपालिका आफैले वा प्रदेश सरकार र सङ्घीय सरकार संगको सहकार्य वा अन्य सरकारी तथा गैर सरकारी सङ्घ संस्थासंगको सहकार्य वा छिमेकी नगरपालिकाहरुसंगको साझेदारीमा नगरपालिकाले रक्त सञ्चार सेवाका लागि एक ब्लड बैंक सञ्चालन गर्न सक्नेछ ।

३७. **विवरण बुझाउनु पर्ने** : नगरपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य र सरसफाइ सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रूपमा नगरपालिको स्वास्थ्य तथा सरसफाइ शाखा समक्ष बुझाउनु पर्नेछ ।

३८. **सहायता प्राप्त गर्न सक्ने** : नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक सङ्घ संस्था, ट्रष्ट र व्यक्तिहरुसंग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

३९. **पोषण सेवा सञ्चालन गर्ने** : नगरपालिकाले नगर क्षेत्रभित्र बसोबास गर्ने महिलाहरुको प्रजनन् स्वास्थ्य र पोषण तथा बालबालिकाहरुलाई कुपोषण हुन नदिन प्रजनन् स्वास्थ्य र पोषण सेवा सञ्चालन र प्रवर्द्धन गर्नेछ ।

४० **पुनरावेदन** :तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

४१. **नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

CamScanner

(२) यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

४२. **सङ्क्रमणकालीन व्यवस्था :** यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली, कार्यविधि, निर्देशिका नआउँदा सम्म नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

४३. **बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा नगरपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा उल्लेख भएको व्यवस्था सरह मानिनेछ । तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत: निष्क्रिय हुनेछ ।

४४. **बचाउ र लागू नहुने :** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संविधानसंग यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वत: निष्क्रिय हुनेछ ।

आज्ञाले,
सिकिन्द्र प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत